# चौरीदेउराली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मिति ..............................

**करारमा सेवा लिने सम्बन्धी सूचना**

(सुचना प्रकाशित मिति : २०७५/०८/०५ )

चौरीदेउराली गाउँपालिकाको लागी प्राविधिक शाखा तथा स्वास्थ्य शाखा मा रहने गरी इन्जिनियर र ल्याव असिष्टेन्ट को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.chaurideuralimun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| इन्जिनियर (सिभिल) | १ |
| ल्याव असिष्टेन्ट | १ |

२. **शैक्षिक योग्यता र अनुभव :**

**इन्जिनयरको लागिः**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता ( नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट Civil Engineering मा स्नातक (B.E) उत्तिर्ण गरेको । माथिल्लो योग्यतालाई ग्राहयता दिइनेछ।)

३. अनुभवको हकमा B.E उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको ।

४. २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**ल्याब असिष्टेन्टको लागिः**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता ( SLC पास गरि मान्यता प्राप्त संस्थाबाट ल्याब असिष्टेन्ट वा सो भन्दा माथिको योग्यता प्राप्त गरेको ।)

३. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।

४. स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको (प्रमाणपत्र)।

५. स्थानियलाई प्राथमिकता दिइनेछ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

माथि उल्लेखित योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले दरखास्त निवेदनसाथ आफ्नो व्यक्तिगत बिबरण, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता एवं अनुभवका प्रमाणपत्रका प्रतिलिपि सहित आवेदन शुल्क इन्जिनियरको हकमा रु १,०००। (एक हजार), ल्याव असिष्टेन्टको हकमा रु ४००। (चार सय) पछि फिर्ता नहुने गरी यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको मुल खाता- १०४०३०४०१८१०८ मा जम्मा गरी उक्त भौचर संलग्न राखी हुलाक, इमेल ito.chaurideuralimun@gmail.com मार्फत वा स्वयं उपस्थित भई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन दर्ता गराउनु पर्नेछ।

पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

द्रष्टव्यः - रितपुर्वक पेश नभएका तथा म्याद नाघि दर्ता हुन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट एवं सिफारिस समितिले मापदण्ड पुरा गरेका आवेदनलाई मात्र छनौट सुची (short list) मा समावेश गर्नेछ।

अन्य जानकारीको लागी मोवाइल नं. ९८५१२४३०१९, ९८४१५०२९४१, ९८१३४३९९४४